नेपाली सन्देश
The Nepali Sandesh Weekly
साप्ताहिक



# बुद्ध, मार्क्स र फ्रायडका चार आर्य सत्य

स्वामी आनन्द अरुण

**तिव्वतमा सयौं वर्षसम्म बुद्ध धर्मको गहन प्रयोग गरिएको थियो। पुरै राज्य र राज्य संयन्त्र बुद्ध धर्ममा समर्पित थियो तर त्यहाँ पनि धर्मको नाममा ब्यापक शोषण भयो। पोटाला दरवार र गुम्वाहरु धनी हुँदै गए। गरीब किसान अझ गरीब हुँदै गए। आधुनिकता, विज्ञान र विकासलाई धर्मले अंगाल्न सकेन। धर्मका नाममा मुठ्ठीभर धर्मगुरुहरुले विलासितापूर्ण जीवन बिताए तर विशाल जनसमुदाय उपेक्षित नै रह्यो। त्यहाँ पनि मनुष्यको दुःख निवारण भएन।**

जीवनको गहन अवलोकन तथा विश्लेषणपछि बुद्धले चार आर्य सत्यको उद्घोष गर्नुभयो । ती हुन्

(१) जीवन दुःख हो (२) दुःखको कारण छ (३) दुःख निवारणका उपाय छन् र (४) दुःख मुक्तिको स्थिति छ ।

बुद्धले देख्नुभयो कि मिलनमा बिछोड छ, जीवनमा मृत्यू छ । सबै जय पराजयमा, सबै सफलता असफलतामा परिणत हुन्छन् । यसै कारणले उहाँले जीवनलाई दुःख भन्नुभयो । तृष्णालाई यसको कारण मान्नुभयो । बुद्धले दुःखबाट मुक्तिको उपाय सम्यक जीवनमा देख्नुभयो, अष्टाङगीक मार्गमा देख्नुभयो । यसैलाई शिवपुरी बाबाले 'राइट लाइफ', कृष्णमूर्तिले 'च्वाएसलेस अवेनेस' तथा ओशोले 'होसपूर्ण जीवन' भन्नुभयो । दुःखबाट मुक्तिको अवस्थालाई बुद्धले 'निर्वाण' भन्नुभयो । अन्य द्रष्टाहरुले यसलाई 'समाधी, भगवान साक्षात्कार' इत्यादि भनेका छन् ।

आधुनिक युगका चिन्तकहरुले पनि कुनै न कुनै रुपमा यिनै सत्यहरुलाई मानेका देखिन्छन् । १९ औं शताव्दीका समाजशास्त्रका महान वैज्ञानिक तथा चिन्तक कार्ल मार्क्स पनि बुद्धको पहिलो 'आर्य सत्य, जीवन दुःख हो' सँग सहमत देखिन्छन् तर उनले दुःखको कारण भौतिकवादी प्रणालीले पैदा गरेको सामाजिक असमानतालाई माने । त्यस दुःखबाट मुक्तिको उपायको रुपमा उनले एङ्गेल्ससँग मिलेर कम्युनिष्ट मेनोफेष्टो प्रस्तुत गरे र दुःख मुक्तिको स्थितिको परिकल्पना आफ्नै युटोपियामा आधारित पूर्ण वर्गबिहीन, शासक तथा शासितबाट मुक्त शोषणरहित समाजको परिकल्पना गरे ।

बीसौं शताव्दीका महान मनोवैज्ञानिक तथा चिन्तक सिगमण्ड फ्रायडले पनि आफ्नै ढंगले यही चार सत्यलाई अंगिकार गरेको देखिन्छ । फ्रायडले पनि भने 'मानिसहरु दुःखी छन् र सुखी तथा मानसिक रुपले स्वस्थ मानिस पाउन गाह्रो छ ।' दुःखको कारण उनले मानवीय नैसर्गिक वृत्तिको अस्वीकारलाई माने, विशेषगरी कामइच्छाको दमनलाई । फ्रायडको विश्लेषणमा मनुष्यको विक्षिप्तता र सन्तापको मूल कारण आहार, निन्द्रा, मैथुन जस्ता मौलिक वृत्तिहरुको दमन हो । उनले निवारणको उपायमा मनोविश्लेषणलाई लिए तथा कामसंवेगको स्वीकृतिको वकालत गरे ।

कार्ल मार्क्स र सिग्मण्ड फ्रायड यस युगका महान क्रान्तिकारी चिन्तक तथा बुद्धजस्तै वैज्ञानिक विश्लेषक हुन् । प्रथम दुई आर्यसत्य 'जीवन दुःख हो' र 'दुःखको कारण छ' मा यी तीनै चिन्तक एकमत भए पनि दुःखको कारण के हो ? दुःख निरोधको उपाय के हो ? र दुःख मुक्तिको स्थिति के हो ? यसमा तीनैको मतभिन्नता देखिन्छ ।

बुद्ध तृष्णालाई दुःखको कारण मान्नुहुन्छ, तृष्णामुक्तिका लागि प्रज्ञा, शील, समाधिलाई उपायको रुपमा लिनुहुन्छ र निर्वाणलाई दुःख मुक्तिको स्थिति ठान्नुहुन्छ ।

फ्रायडले मानवीय नैसर्गिक वृत्तिको अस्वीकार विशेषगरी कामइच्छाको दमनलाई दुःखको मूल कारण, मनोविश्लेषणलाई दुःख मुक्तिको उपाय र सबै प्रकारको नैसर्गिक वृत्तिलाई स्वीकृति गर्ने स्वस्थ समाजलाई दुःख मुक्तिको स्थिति माने । मार्क्सले शोषणलाई दुःखको कारण, वर्ग संघर्षलाई मुक्तिको उपाय र सर्वहाराको अधिनायकवादलाई सबै किसिमको दुःखमुक्तिको स्थिति मानेका छन् ।

यी तीनै दर्शनका अनुयायी बौद्ध, मार्क्सवादी तथा फ्रायडवादीहरुले आ-आफ्नो ढंगले दुःख निवारणको प्रयास गरेका छन् । यस अर्थमा उनीहरुलाई समाजका शुभचिन्तक र कल्याणमित्र मान्न सकिन्छ तर यी दर्शनहरुको अति प्रयोग भएको क्षेत्रमा पनि दुःखको निवारण भएको देखिँदैन ।

तिव्वतमा सयौं वर्षसम्म बुद्ध धर्मको गहन प्रयोग गरिएको थियो । पुरै राज्य र राज्य संयन्त्र बुद्ध धर्ममा समर्पित थियो तर त्यहाँ पनि धर्मको नाममा ब्यापक शोषण भयो । पोटाला दरवार र गुम्वाहरु धनी हुँदै गए । गरीब किसान अझ गरीब हुँदै गए । आधुनिकता, विज्ञान र विकासलाई धर्मले अंगाल्न सकेन । धर्मका नाममा मुठ्ठीभर धर्मगुरुहरुले विलासितापूर्ण जीवन बिताए तर विशाल जनसमुदाय उपेक्षित नै रह्यो । त्यहाँ पनि मनुष्यको दुःख निवारण भएन । अर्कोतर्फ शील समाधी र ध्यानको नियमित प्रयोग गर्ने व्यक्तिहरुको विवेकमा कुनै प्रखरता पाइएन । दुनियाँको तेस्रो ठूलो धर्म भएतापनि आजसम्म विज्ञान कला, प्रविधि, अर्थशास्त्र वा समाजशास्त्रमा बौद्धहरुको कुनै मौलिक उपलव्धी देखिएन ।

फ्रायडको चिन्तन समेतको प्रभावमा पश्चिममा खुला यौनको प्रचार भयो । विगत ५० वर्षमा काम दमनको विरोधमा निकै काम उच्छृङ्खलता बढेको छ । जुन जुन देशमा जति जति काम स्वतन्त्रता आयो त्यहाँ त्यति नै विकृति बढेको देखिन्छ । यहाँसम्मकी पश्चिमी देशमा समलैङ्गिक विवाहले समेत कानुनी मान्यता प्राप्त गऱ्यो । असंख्य स्कूले छात्रामा बाल गर्भाधारण तथा गर्भपतन सामान्य हुन थाल्यो । कला, संगीत, नृत्य जस्ता विविध सांस्कृतिक विधामा विशुद्ध नग्नताले प्रतिष्ठा पायो । वर्षौंदेखि मनोविश्लेषण र यौनस्वतन्त्रताको अति प्रचार भए पनि स्वस्थ मनुष्य कहीँ भेटिएनन् । फ्रायडको दर्शन पनि अपूर्ण देखियो ।

रुस, चीन र पूर्वी यूरोपमा धेरै वर्षसम्म साम्यवादको कठोर प्रयोग गरिएपनि अन्ततः यसले समाधान दिन नसकेर चीनलगायतका केही देशबाहेक बाँकि देशहरुमा साम्यवादको पतन भयो । अरु सबै साम्यवादीहरुलाई संशोधनवादी भन्ने चीनले समेत हाल आएर गरेको सैद्धान्तिक संशोधनमा 'सर्वहारा वर्गको अधिनायकवाद'को अंश पनि भेटिँदैन । धार्मिक व्यक्तिहरुले कल्पना गरेको रामराज्यको जस्तै साम्यवादी रामराज्य कहिँ पनि यथार्थमा परिणत हुन सकेन । यो हुन नसक्नुमा सायद मार्क्सको विश्लेषणमा दुःखको कारण र त्यसको निवारणको उपायमा केही कमजोरी हुन सक्छ । ओशो साम्यवादलाई एक 'अति विशिष्ट आध्यात्मिक चिन्तन' मान्नुहुन्छ । अध्यात्मलाई पुरै नमारी वर्ग संघर्ष र राजनीतिक परिवर्तनबाट मात्र पूर्ण साम्यवाद सम्भव नहुने उहाँको विश्लेषण छ ।

यी तीनै दर्शन आफैमा सुन्दर भएतापनि सायद एकाङ्गी छन् र यीमध्ये एकले मात्र मानवको सम्पूर्ण समस्याको समाधान गरेको भेटिएन । तसर्थ अहिले एक नयाँ चिन्तनको आवश्यकता छ ।

त्यसमा बुद्ध, मार्क्स र फ्रायड तीनैको दर्शनको मिश्रण होस् । सामन्तवादी चिन्तन र व्यवहारले हजारौ वर्षदेखि मनुष्यको असिमित शोषण गरेको छ । त्यसकारण सामाजिक शोषणको अन्त्य हुनैपर्छ ।

समाज काम र प्रेमजस्ता नैसर्गिक वृत्तिहरुको दमनकै कुण्ठाबाट मुक्त हुन आवश्यक छ । दुर्भाग्यवश आजसम्म अधिकांश धर्मगुरुहरु पनि सामन्तवादी शोषण र प्राकृतिक यौन दमनको समर्थनमा उभिएका भेटिन्छन् । शोषण तथा सामाजिक उत्पीडनबाट मुक्तिका लागि शील, समाधि र प्रज्ञाविहीन क्रान्तिमा मानवीय मूल्य र संवेदनामा ठूलो आघात पुगेको र अनियन्त्रित हिंसाले अग्रस्थान लिएको देखिन्छ । तसर्थ क्रान्तिकारीहरुमा पनि शील, समाधि र प्रज्ञाको नियमित अभ्यासका साथै संयम तथा अनुशासित जीवनयापनको आवश्यकता देखिन्छ ।

नयाँ मनुष्य धार्मिक होस् र क्रान्तिकारी पनि । उसले शील, समाधि तथा प्रज्ञाको निरन्तर पालन गरोस् । जीवनका मौलिक बृत्तिहरु स्वीकृत हुन् । कुनै पनि प्रकारको दमन नहोस् । विशेष रुपले काम र प्रेमप्रति समाजमा समादरको भाव रहोस् । साथै सामाजिक मूल्य र मान्यतामा क्रान्तिकारी परिवर्तनका लागि व्यक्ति सतत संघर्षशील र समर्पित रहोस् । यो नयाँ संश्लेषणात्मक प्रयोग तथा जव मूल्य मान्यताहरुको पूर्ण क्रान्ति नै आजको युगको प्रथम आवश्यकता बनेको छ र सोही क्रान्तिमा मनुष्यको भौतिक, सामाजिक र आध्यात्मिक त्रिविध ताप र दुःखमुक्तिको उपाय देखिन्छ ।

*(स्वामी आनन्द अरुणद्वारा लिखित सन्त दर्शनबाट)*

## सताका प्रमुख समाचार

### विधिको शासनमा प्रधान न्यायधीशको जोड

काठमाडौं/प्रधान न्यायाधीश रामप्रसाद श्रेष्ठले लोकतन्त्र र विधिको शासनलाई सम्मान गर्न सबैलाई आग्रह गरेका छन् । उनले अब बन्ने संविधानमा कानूनी शासन र लोकतन्त्र बलियो खम्बा बन्ने विश्वास समेत व्यक्त गरे । कानून दिवसको अवसरमा श्रेष्ठले लोकतन्त्र, विधिको शासन र मानवअधिकारप्रति प्रतिबद्ध न्यायपालिकाको सम्मान गरेमात्र लोकतन्त्र सुदृढ हुने बताए ।

### प्रचण्डले विकल्प दिनुपर्छ : यादव

काठमाडौं/ मधेसी जनाधिकार फोरमका अध्यक्ष उपेन्द्र यादवले वर्तमान राजनीतिक गतिरोधको अन्त्य गर्न प्रचण्डले आफ्नो विकल्प प्रस्तुत गर्नु पर्ने बताएका छन् । एकीकृत नेकपा माओवादीको जारी आन्दोलनमा नैतिक समर्थन व्यक्त गरेका उनले आइतबार यस्तो बताएका हुन् । आफूबाहेक सबै अयोग्य छन् भन्ने प्रचण्डको हठ त्याग्नुपर्ने पनि उनले सुझाव दिए । यादवले भने,- 'प्रचण्डले आफ्नो पक्षमा सहमति जुटाउन सक्नुहुन्न भने विकल्प प्रस्तुत गरेर सहमतिको बाटो खुला गर्नुपर्छ ।' प्रधानमन्त्री माधवकुमार नेपालको राजीनामापछि संसदबाटै राष्ट्रिय सहमति खोजिनु पर्नेमा जोडदिँदै यादवले सडकबाट सरकार नबन्ने उल्लेख गरे ।

### सिंहदरबार घेराउमा झडप

काठमाडौं/आमहडताल स्थगित गर्दै आन्दोलनको स्वरुप फेरेको एकीकृत माओवादीले आइतबार सिंहदरबार घेराउ गर्ने क्रममा प्रहरी र प्रदर्शनकारीबीच झडप भएको छ । झडपको क्रममा दर्जनौं माओवादी कार्यकर्ता र केही प्रहरी घाइते भएका छन् । माओवादीका कार्यकर्ताले एकजना व्यक्तिलाई भिजिलान्तेको आरोप लगाउँदै कुटपिट गरेपछि प्रहरीले रोक्न खोज्दा झडप भएको हो । घटनामा संलग्न अनुसन्धान विभागका दुई प्रतिनिधिलाई माओवादीले नियन्त्रणमा लिएर संयुक्त राष्ट्रसङ्घको नेपालस्थित उच्च आयुक्तको कार्यालयमा बुझाएका छन् । अनुसन्धान विभागका इन्सपेक्टर रामकुमार महत र सिपाही रामचन्द्र थापालाई सञ्चार सेटसहित नियन्त्रणमा लिएर बुझाइएको माओवादीले जनाएको छ । स्थितिलाई नियन्त्रणमा लिनका लागि प्रहरीले केही सेल अश्रु ग्याससमेत प्रहार गरेको थियो ।

### माओवादी नेतृत्वमा सरकार बन्दैन : ओली

काठमाडौं/सत्तारुढ नेकपा एमालेका नेता केपी शर्मा ओलीले माओवादीको नेतृत्वमा कुनै पनि हालतमा सरकार नबन्ने जिकीर गरेका छन् । राजधानीमा शनिबार आयोजित पत्रकार सम्मेलनमा उनले माओवादीको नेतृत्वमा सरकार बनाउने बेकारको अभ्यासमा समय खेर नफाल्न अन्यलाई पनि सुझाव दिए । एकीकृत माओवादीले आमहडतालका कार्यक्रम फिर्ता लिएको भोलिपल्ट एमाले नेता ओलीको यस्तो प्रतिक्रिया आएको हो । उनले माओवादीलाई सरकारमा आउन मन लागेको भए अहिलेकै सरकारमा सामेल हुन आग्रहसमेत गरे । नेता ओलीले अहिलेको सरकार संवैधानिक प्रक्रियाअनुसार बनेको बलियो सरकार भएकाले यसको विकल्प खोजेर देशलाई अस्थिरतामा धकेल्न नमिल्ने बताए । उनले अहिलेको सरकार साउनसम्म पनि नढल्ने ठोकुवा गरे ।

### आन्दोलनमा मृत्यु हुनेको सामुहिक अन्त्येष्टि

काठमाडौं/ एकीकृत नेकपा माओवादीको आन्दोलनका क्रममा विभिन्न स्थानमा मृत्यु भएका तीन जनाको शनिबार पशुपति आर्यघाटमा सामुहिक अन्त्येष्टि गरिएको छ । सामुहिक अन्त्येष्टि गरिएकाहरूमा रुकुमको सिम्ली गाविस-७ का ६० वर्षीय जङगवीर ओलि, दोलखा मालु गाविसका-६ का २९ वर्षीय मोहनबहादुर भुजेल र तनहुँको भगवतीपुर गाविस-६ का ३० वर्षीय बीर्खबहादुर परियार रहेका छन् । ओलिको बैशाख १८ गते राजधानी आउने क्रममा दाङमा बसबाट खसेर घाइते भई शुक्रबार जनमैत्री अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो । यस्तै, दोलखाका भुजेलको राजधानीको गौसलामा जुलुसमा च्यापिएर शुक्रबार मृत्यु भएको थियो भने परियारको कुलेश्वरको मेट्रो प्लाजाको छतबाट खसेर तीन दिनअघि मृत्यु भएको थियो । सामुहिक अन्त्येष्टि कार्यक्रममा माओवादी पोलिटब्यूरो सदस्य जर्नादन शर्मा र केन्द्रीय सदस्य गणेश मान पुनले उनीहरूलाई अन्तिम श्रद्धाञ्जली दिए । मृत्यु भएका तीनै जनालाई माओवादीले पार्टीका शहिद घोषणा गरेको छ ।



# हर्दिक धन्यवाद

जिल्ला सुनसरी धरान नगरपालिका वार्ड नं १० घर भई हाल कोलचेष्टर यूकेमा बसोबास गरिरहनु भएका श्री भोगवीर हुक्पा चोङबाङको छोरा श्री सन्तोष लिम्बूको र सुनसरी धरान नगरपालिका वार्ड नं १० घर भई हाल बर्मिङघम यूकेमा बसोबास गरिरहनु भएकी स्वर्गीय श्री मोहन लिम्बूको धर्मपत्नी श्रीमती छलिता लिम्बूको गत वर्ष २००९ अक्टोबर महिनामा असामयिक निधन भएकोमा वहाँहरुको परिवारमा सहयोगार्थ रकम उपलव्ध गराउनु हुने निम्नलिखित महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै सम्बन्धित सबैको जानकारीको लागि सहयोगदाताहरुको विवरण सार्वजनिक गरेका छौं।

**FINANCIAL SUPPORT FOR SANTOSH CHONGBANG**

| S.NO. | NAME | AMOUNT |
|---|---|---|
| | **AREA - BASINGSTOKE** | |
| 1 | CHETNA DEBI LIMBU | £20.00 |
| 2 | DILSING MENYANGBO | £20.00 |
| 3 | TILBIKRAM SAMBAHANGPHE | £20.00 |
| 4 | TEJ KUMAR CHONGBANG | £10.00 |
| 5 | HARKAJANG LIMBU | £10.00 |
| 6 | PREM KUMAR LIMBU | £10.00 |
| 7 | RAJENDRA KUMAR LIMBU | £10.00 |
| 8 | MAN BAHADUR LIMBU | £10.00 |
| 9 | BHIM KUMAR LABUNG | £10.00 |
| 10 | DAL YANGDEN | £10.00 |
| 11 | KARNA BAHADUR MAGER | £5.00 |
| | **AREA - DONCASTER** | |
| 12 | BALARAM LIMBU | £11.00 |
| 13 | BOM LIMBU | £10.00 |
| 14 | DILLIRAM LIMBU | £10.00 |
| 15 | DEOMAN LAWAATI | £10.00 |
| 16 | DURGA LIMBU | £10.00 |
| 17 | HARKA LIMBU | £10.00 |
| 18 | NARBIR ANGBO | £10.00 |
| 19 | DAL YONGYA | £10.00 |
| 20 | ANIL THEBE | £10.00 |
| 21 | DIK LIMBU | £10.00 |
| 22 | KISHOR LIMBU | £10.00 |
| 23 | RUPMAN LIMBU | £5.00 |
| 24 | HANGPAL LIMBU | £5.00 |
| 25 | ABIR LIMBU | £5.00 |
| 26 | TIK PUN | £5.00 |
| | **AREA - WEST BIRMINGHAM** | |
| 27 | SANTOSH THEBE | £20.00 |
| 28 | DEO KUMAR LIMBU | £10.00 |
| 29 | GOKUL LIMBU | £10.00 |
| 30 | BHIM LMBU | £10.00 |
| 31 | NIRMAL LIMBU | £10.00 |
| 32 | TANKA WANEM | £10.00 |
| 33 | LAL LIMBU | £10.00 |
| | **AREA - WOKING** | |
| 34 | ISWOR ANGBUHANG | £31.00 |
| 35 | DEBI LIMBU | £21.00 |
| 36 | NAR PRASAD THAMSUHANG | £20.00 |
| 37 | KHEM BAHADUR LIMBU | £11.00 |
| 38 | BISHNU LIMBU | £10.00 |
| 39 | DHARMA RAJ GURUNG | £7.00 |
| 40 | PURNA CHEMJANG | £5.50 |
| | **AREA - ASHFORD** | |
| 41 | DHAN LIMBU | £25.00 |
| 42 | BHIMRAJ TUMBAHANGPHE | £20.00 |
| 43 | RAJENDRA KHIMDING | £20.00 |
| 44 | SURYA KHAPUNG | £20.00 |
| 45 | LOK GURUNG | £20.00 |
| 46 | HARI PRASAD NALBO | £20.00 |
| 47 | BHUWANI BIR LIMBU | £20.00 |
| 48 | JAMIN THANDEN | £20.00 |
| 49 | NEM KHAPUNG | £20.00 |
| 50 | MADHUKESHER LIMBU | £20.00 |
| 51 | MOHAN LIMBU | £20.00 |
| 52 | BHUWANI PRASAD LIMBU | £20.00 |
| 53 | BHIM LIMBU | £20.00 |
| 54 | SHREE PRASAD LIMBU | £20.00 |
| 55 | DAMMER LIMBU | £20.00 |
| 56 | BOM BAHADUR LIMBU | £20.00 |
| 57 | NARENDRA LIMBU | £15.00 |
| 58 | DEVRAJ LIMBU | £10.00 |
| 59 | PUSPA LIMBU | £10.00 |
| 60 | RANDHIR YONGDANG | £10.00 |
| 61 | KHEMRAJ MADEN | £10.00 |
| 62 | PREM BAHADUR LIMBU | £10.00 |
| 63 | RAI BAHADUR LIMBU | £10.00 |
| 64 | JAI NARAN SAMBAHANGPHE | £10.00 |
| 65 | RAJENDRA YANGDEN | £10.00 |
| 66 | DILLIRAM BAKHIM | £10.00 |
| 67 | PREM LIMBU | £10.00 |
| 68 | RAJENDRA NEMBANG (1) | £10.00 |
| 69 | DILIP SAMRA LIMBU | £5.00 |
| 70 | SRIJANA LIMBU | £5.00 |
| 71 | SUJAN RAI | £5.00 |
| 72 | PIDIKI SHERPA | £5.00 |
| 73 | NARHAR JUNG LIMBU | £5.00 |
| 74 | UK GEASO MAHILA SHAKHA ASHFORD COMMITTEE | £25.00 |
| | **AREA - SALISBURY** | |
| 75 | NARKUMARI SENDANG | £20.00 |
| | **AREA- WALES ( CARDIFF)** | |
| 76 | RABINDRA THUMBAHANGPHE | £15.00 |
| 77 | CHITRA RAI | £11.50 |
| 78 | SYAM BAHADUR GURUNG | £10.00 |
| 79 | BHIM NATH LIMBU | £10.00 |
| 80 | JAS BAHADUR KANGDANGWA | £8.50 |
| 81 | SANTOSH RAI | £5.00 |
| 82 | PREM RAJ YANGDEN | £5.00 |
| 83 | SUKRA RAJ GURUNG | £5.00 |
| 84 | DHAN KRISHNA RAI | £5.00 |
| 85 | BHISNA KANDANGWA | £5.00 |
| 86 | HARKA MAN RAI | £5.00 |
| 87 | NAR BAHADUR THAPA | £5.00 |
| 88 | PRAKASH RANA | £5.00 |
| 89 | PURNA CHANDRA LIMBU | £5.00 |
| 90 | AMRIT GHALE | £5.00 |
| 91 | GYAN RAJ LIMBU | £2.50 |
| | **AREA - GRAYS** | |
| 92 | CHHARA HANSARUNG | £10.00 |
| 93 | TANKA KHAPUNG | £10.00 |
| 94 | GAMBIR DHOJ TUMBAHANGPHE | £10.00 |
| 95 | GAJENDRA PHOBO | £10.00 |
| 96 | JHAMAK IMIHANG | £8.00 |
| 97 | HARI PHOMBO | £7.00 |
| 98 | SUKRAJ KHAPUNG | £7.00 |
| 99 | LAPRAJ RAI | £7.00 |
| 101 | RITU THUMBAHANGPHE | £6.00 |
| 102 | CHHARA THUMBAHANGPHE | £5.00 |
| 103 | SHER INGNAM | £5.00 |
| 104 | KISHOR ANCHNGBO | £5.00 |
| 105 | YAM SAMBA | £5.00 |
| 106 | BIGENDRA SAMBA | £5.00 |
| 107 | NANDA KHAPUNG | £5.00 |
| 108 | CHHATRA HANGSARUNG | £5.00 |
| 109 | KHAGENDRA LIMBU | £5.00 |
| 110 | TANKA SEMBHU | £5.00 |
| 111 | YOGENDRA HAMBANG | £5.00 |
| 112 | GANGA PRASAD KEDEM | £5.00 |
| 113 | DAL THALANG | £5.00 |
| 114 | JAGAN PRASAD LINDEN | £5.00 |
| 115 | MAN BAHADUR PALUNGWA | £3.00 |
| | **AREA - SANDHURST** | |
| 116 | KHEM MAYA LIMBU | £55.00 |
| | **TOTAL AMOUNT** | **£1,277.00** |

**FINANCIAL SUPPORT FOR MRS CHHALITA CHONGBANG**

| S.NO. | NAME | AMOUNT |
|---|---|---|
| | **AREA - BASINGSTOCK** | |
| 1 | MEHERMAN LABUNG | £25.00 |
| 2 | TEJ KUMAR CHONGBANG | £25.00 |
| 3 | TILBIKRAM SAMBAHANGPHE | £20.00 |
| 4 | DILSING MENYANGBO | £20.00 |
| 5 | HARKAJANG LIMBU | £15.00 |
| 6 | SANJANA LIMBU (2117121211)1RGR | £10.00 |
| 7 | PREM KUMAR LIMBU | £10.00 |
| 8 | RAJENDRA KUMAR LIMBU | £10.00 |
| 9 | MAN BAHADUR LIMBU | £10.00 |
| 10 | CHANDRA RAM MAGER | £10.00 |
| 11 | DAL YANGDEN | £10.00 |
| 12 | NAGENDRA CHACHONGI (PUN) | £10.00 |
| 13 | DURGA GURUNG | £10.00 |
| 14 | KARNA BAHADUR MAGER | £5.00 |
| | **AREA - DONCASTER** | |
| 15 | TULASA LIMBU (RAI) | £30.00 |
| 16 | AMBIR LIMBU | £20.00 |
| 17 | BOM LIMBU | £20.00 |
| 18 | ANIL THEBE | £15.00 |
| 19 | RUPMAN LIMBU | £10.00 |
| 20 | HANGPAL LIMBU | £10.00 |
| 21 | DEOMAN LAWATI | £10.00 |
| 22 | DURGA LIMBU | £10.00 |
| 23 | HARKA LIMBU | £10.00 |
| 24 | NARBIR ANGBO | £10.00 |
| 25 | DAL YONGYA | £10.00 |
| 26 | DIK LIMBU | £10.00 |
| 27 | TIK PUN | £5.00 |
| | **AREA - WOKING** | |
| 28 | ISWOR ANGBUHANG | £31.00 |
| 29 | DEBI LIMBU | £21.00 |
| 30 | NAR PRASAD THAMSUHANG | £20.00 |
| 31 | KHEM BAHADUR LIMBU | £11.00 |
| 32 | BISHNU LIMBU | £10.00 |
| 33 | DHARMA RAJ GURUNG | £7.00 |
| 34 | PURNA CHEMJANG | £5.50 |
| | **AREA - WALES ( CARDIFF)** | |
| 35 | RABINDRA THUMBAHANGPHE | £15.00 |
| 36 | CHITRA RAI | £11.50 |
| 37 | SYAM BAHADUR GURUNG | £10.00 |
| 38 | BHIM NATH LIMBU | £10.00 |
| 39 | JAS BAHADUR KANGDANGWA | £8.50 |
| 40 | SANTOSH RAI | £5.00 |
| 41 | PREM RAJ YANGDEN | £5.00 |
| 42 | SUKRA RAJ GURUNG | £5.00 |
| 43 | DHAN KRISHNA RAI | £5.00 |
| 44 | BHISNA KANDANGWA | £5.00 |
| 45 | HARKA MAN RAI | £5.00 |
| 46 | NAR BAHADUR THAPA | £5.00 |
| 47 | PRAKASH RANA | £5.00 |
| 48 | PURNA CHANDRA LIMBU | £5.00 |
| 49 | AMRIT GHALE | £5.00 |
| 50 | GYAN RAJ LIMBU | £2.50 |
| | **AREA - ASHFORD** | |
| 51 | DHAN LIMBU | £60.00 |
| 52 | HARI PRASAD NALBO | £30.00 |
| 53 | MOHAN LIMBU | £30.00 |
| 54 | RAJENDRA KHIMDING | £20.00 |
| 55 | SURYA KHAPUNG | £20.00 |
| 56 | JAMIN THAMDEN | £20.00 |
| 57 | BHIM RAJ THUMBAHANGPHE | £20.00 |
| 58 | BHIM LIMBU | £20.00 |
| 59 | DAMMER LIMBU | £20.00 |
| 60 | BOM BAHADUR LIMBU | £20.00 |
| 61 | NARENDRA LIMBU | £15.00 |
| 62 | BHUWANI BIR LIMBU | £10.00 |
| 63 | LOK GURUNG | £10.00 |
| 64 | PUSPA LIMBU | £10.00 |
| 65 | RANBIR YONGHANG | £10.00 |
| 66 | NEM BAHADUR KHAPUNG | £10.00 |
| 67 | DILLIRAM BAKHIM | £10.00 |
| 68 | KHEM RAJ MADEN | £10.00 |
| 69 | SITA TAWA | £10.00 |
| 70 | SRIJANA LIMBU | £10.00 |
| 71 | MANMAYA LIMBU | £10.00 |
| 72 | PREM LIMBU | £10.00 |
| 73 | MAJOR | £10.00 |
| 74 | DEVRAJ LIMBU | £10.00 |
| 75 | PREM BAHADUR LIMBU | £10.00 |
| 76 | NAHAR JANG LIMBU | £5.00 |
| 77 | RAI BAHADUR LIMBU | £5.00 |
| 78 | DILIP SAMRA LIMBU | £5.00 |
| 79 | SUSAN RAI | £5.00 |
| 80 | KHRISNA KALA RAI | £5.00 |
| 81 | SANTOSH THALUNG | £5.00 |
| 82 | UK GEASO MAHILA SHAKHA ASHFORD COMMITTEE | £25.00 |
| | **AREA - SALISBURY** | |
| 83 | NAR KUMARI SENDANG | £20.00 |
| 84 | KAMALA SENDANG | £20.00 |
| | **AREA - EAST LONDON** | |
| 85 | HARI PRASAD LIMBU | £30.00 |
| 86 | NETRA CHEMJONG | £25.00 |
| 87 | NAR MENYANGBO | £20.00 |
| 88 | TEJ BAHADUR MENYANGBO | £20.00 |
| 89 | BHIM LIMBU | £15.10 |
| 90 | DILKUMAR IWARAM | £15.00 |
| 91 | DILLI BIKRAM LIMBU | £15.00 |
| 92 | BHAKTI SERMA (LIMBU) | £10.00 |
| | **AREA - GRAYS** | |
| 93 | SARAN PANDHAK | £11.00 |
| 94 | JHAMAK IMIHANG | £8.00 |
| 95 | SUKRAJ KHAPUNG | £7.00 |
| 96 | BIKASH PANGYANGO | £6.00 |
| 97 | NANDA KHAPUNG | £5.00 |
| 98 | CHHARA HANSARUNG | £5.00 |
| 99 | KHAGENDRA LIMBU | £5.00 |
| 100 | SHER INGNAM | £5.00 |
| 101 | KISHOR ANCHANGBO | £5.00 |
| 102 | YAM SAMBA | £5.00 |
| 103 | LAPRAJ RAI | £5.00 |
| 104 | TANKA PRASAN SEMBHU | £5.00 |
| 105 | YOGENDRA HANBANG | £5.00 |
| 106 | GANGA PRASAD KEDEM | £5.00 |
| 107 | DAL THALANG | £5.00 |
| 108 | YUBARAJ ISBO | £5.00 |
| | **AREA - UXBRIDGE** | |
| 109 | PURNA KUMAR LIMBU | £11.00 |
| 110 | CHHARA SING LIMBU | £10.00 |
| 111 | TILBIKRAM NINGLEKHU | £10.00 |
| 112 | GANESH LIMBU | £10.00 |
| 113 | LALIT KUMAR LIMBU | £10.00 |
| | **TOTAL AMOUNT** | **£1,376.10** |

**किराँत याक्थुङ चुम्लुङ यूके**